# नागरिक लगानी कोष

**कोषको वित्तीय अवस्था (अपरिष्कृत)**

**२०८१ चैत मसान्तसम्म**

## कोषको स्रोत (Sources of Fund)

रु. हजारमा

| विवरण | २०८१।८२ चैत मसान्त | २०८०।८१ चैत मसान्त |
|---|---|---|
| शेयर पुँजी | ६,४८१,७१२ | ५,३१३,७५० |
| **खुद कोष मौज्दात** | २८०,१५२,४४८ | २४८,०१२,८२८ |
| क.ब.वृ. अवकाश कोष | १८४,१९०,५८७ | १६१,७८८,५७३ |
| नागरिक एकाङ्क योजना | १,९७६,९३५ | १,४०२,६१७ |
| उपदान कोष योजना | ५१,०१५,३०४ | ३७,१६५,१५८ |
| लगानीकर्ता हिसाब | ११,००६,८५४ | ९,९२९,०५६ |
| राष्ट्र सेवक कर्मचारीको बीमा कोष | ८,६९९,६३२ | ८,९०७,९०३ |
| नार्क बीमा कोष | १५६,९८३ | १४६,५१९ |
| नागरिक पेन्सन योजना | ३३३,५५१ | २२६,८३० |
| बीमाकोष दायित्व | ३,७५१,५४४ | २,९४४,२३४ |
| **जगेडा कोष** | | |
| केन्द्रीय हिसाब | ३,०७५,५२८ | ३,७९४,७६२ |
| अन्य कोष र योजना | १५,९४५,५२९ | २१,७०७,१७६ |
| उचित मूल्य कोष | ९,८४६,५४४ | ३,८९०,०९८ |
| पुनः मूल्याङ्कन कोष | ३३२,०६० | ३३२,०६० |
| चालू दायित्व तथा व्यवस्था | ३,९०८,७२७ | ८,०६४,६८५ |
| **जम्मा :** | ३००,७२१,४९१ | २६५, ६१३,४२१ |

## कोषको उपयोग (Applications of Fund)

रु. हजारमा

| विवरण | २०८१।८२ चैत मसान्त | २०८०।८१ चैत मसान्त |
|---|---|---|
| खुद स्थिर सम्पत्ति | २,२५१,२६३ | २,३३८,००० |
| **लगानी** | २७८,४३८,५६२ | २३६,८०५,०६२ |
| नेपाल सरकारको ऋणपत्र | ५००,००० | ५००,००० |
| मुद्दती निक्षेप | १५४,३८२,०९६ | १२६,१२८,१३३ |
| समयकालीन कर्जा | २५,९१६,३८९ | २५,५४६,६७७ |
| सहायक कम्पनीमा लगानी | २,७२८,५०० | २,५५०,००० |
| सहभागी सापटी तथा आवास कर्जा | ५६,७१०,५९१ | ५१,१४८,०९९ |
| ट्रेजरी बिल | ६,८८०,५०० | |
| सङ्गठित संस्थाको शेयर/धितोपत्र | ३१,३२०,४८७ | ३०,९३२,१५३ |
| उचित मूल्य समायोजित सम्पत्ति | ९,८४६,५४४ | ४,२२२,१५६ |
| बैंक मौज्दात | २,०७०,५१० | ४,४७४,२४९ |
| चालू सम्पत्ति | ८,११४,६१२ | १७,७७३,९५४ |
| **जम्मा :** | ३००,७२१,४९१ | २६५,६१३,४२१ |

माथि उल्लिखित विवरणका अङ्कहरू लेखापरीक्षकको सुझाव अनुसार परिवर्तन हुनसक्नेछ ।

# नागरिक लगानी कोष

**केन्द्रीय हिसाब**

**२०८१ श्रावण १ देखि २०८१ चैत मसान्त सम्मको**

**अपरिष्कृत आय/व्यय हिसाब**

रु. हजारमा

| विवरण | २०८१।८२ चैत मसान्त | २०८०।८१ चैत मसान्त |
|---|---|---|
| ब्याज आम्दानी | २४०,१०९ | ३५३,२४७ |
| सेवा शुल्क तथा कमिसन आम्दानी | १,१९८,६६० | १,०४१,७९४ |
| विविध आम्दानी | ९०,०६७ | १७,४८६ |
| **कुल आम्दानी** | १,५२८,८३६ | १,४१२,५२७ |
| व्यवस्थापन खर्च | २१८,३०० | १७८,१६० |
| खर्च व्यवस्था | ११०,५०५ | ५७,७७१ |
| **कुल खर्च** | ३२८,८०५ | २३५,९३१ |
| कर अगाडिको खुद नाफा | १,२००,०३१ | १,१७६,५९६ |
| आय कर व्यवस्था | ३००,९९८ | २९४,१४९ |
| **खुद नाफा** | ८९९,०३३ | ८८२,४४७ |

## Particulars

**Financial Ratios & Other Information:**

| Overall | As on Chaitra 2081 | As on Chaitra 2080 |
|---|---|---|
| Return on Investment (ROI) | 5.69 | 8.49% |
| Fund to Investment ratio | 99.39% | 95.48% |
| Weighted average cost of fund | 5.07% | 7.99% |
| *Central Account* | - | - |
| Net Worth (Rs. in '000) | 9,557,240 | 9,108,512 |
| Net Worth (Value per share) | 147.45 | 171.41 |
| Earning Per Share (in Rs.) - Annualized | 18.49 | 22.14 |

१. **वित्तीय विवरण**

त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण माथि उल्लेख गरिए बमोजिम रहेको छ ।

२. **व्यवस्थापकीय विश्लेषण**

कोषले दीर्घकालीन प्रकृतिको कोष सङ्कलन गर्ने भएको र सहभागीहरूको मासिक सङ्कलन रकमबाट दैनिक भुक्तानी दिने कार्य गर्ने भएको हुँदा तरलता व्यवस्थापनमा सहजता छ । कोषको मुख्य आम्दानीका रूपमा कोषले सञ्चालन गरेका योजनाहरूबाट प्राप्त सेवा शुल्क, ब्याज आम्दानी तथा नगद लाभांश रहेको छ। कोषले बन्दमुखी सामूहिक कोष योजना सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाएको छ । कोषको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्ने अवस्था रहेको छैन ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण**

(क) नागरिक लगानी कोषले सञ्चालन गरेको उपदान कोष तथा लगानीकर्ता हिसाब योजनाको रकमबाट सम्बन्धित संस्थाका अवकाशप्राप्त कर्मचारीहरूलाई योगदानमा आधारित नभएको अवकाश रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतका दरले आयकर बापत कट्टा गरी भुक्तानी दिँदै आएकोमा उपदान तथा लगानीकर्ता हिसाब योजना बापत ५ प्रतिशत मात्र कर कट्टी गर्नुपर्ने सम्बन्धमा कोष समेतलाई प्रतिवादी बनाई रिट दायर हुने गरेको र सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालत एवं उच्च अदालतबाट विभिन्न आदेश आइरहेको अवस्था विद्यमान छ ।

(ख) कोषले उपदान कोषको रकममा ५ प्रतिशत मात्र कर कट्टा गरेको मिलेन भनी ठूला करदाता कार्यालयबाट कोषलाई जरिवाना गरेको र सो उपर कोषले आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा प्रशासकीय पुनरवलोकनका लागि निवेदन दिइएको र सो हाल विचाराधीन अवस्थामा रहेको ।

४. **सङ्गठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

(क) कोषको शेयर नेपाल स्टक एक्सचेन्ज लि. को दोस्रो बजारमा खुला शेयर बजार अन्तर्गत कारोबार भइरहेको छ । यस विषयमा कोष व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार सङ्ख्याः

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार शेयर सङ्ख्या |
|---|---|---|---|---|
| २,२००।०० | १,९३५।०० | १९,४४।१४ | ५६ | ६,७०,०१५ |

५. **समस्या तथा चुनौती**

कोषले प्रयोगमा ल्याई रहेको सफ्टवेयरलाई सबै कारोबार र अन्य निकायहरूले प्रयोगमा ल्याइरहेको सफ्टवेयरसँग एकीकरण हुने गरी मिल्दो बनाउने, पुरानो हिसाब मिलान कार्य सम्पन्न गर्ने, सहभागीहरूलाई दिइने प्रतिफल दरलाई उच्च बनाई राख्ने आन्तरिक चुनौती तथा समस्याहरू कोषसँग रहेका छन् । त्यसैगरी पुँजीबजार तर्फको कारोबारमा प्रतिष्पर्धा, नेपाल वायु सेवा निगमलाई प्रवाह भएको कर्जा नियमित रूपमा असुली नभएको, कोषमा आबद्ध संस्था र सहभागीहरूलाई सामाजिक सुरक्षा कोषमा जानुपर्ने अवस्था सिर्जना गरिनु तथा योगदानमा आधारित पेन्सन कार्यक्रम अन्य संस्थाबाट सञ्चालन गर्ने व्यवस्थाले कोषको कारोबारमा परेको असर जस्ता बाह्य चुनौतीहरू रहेका छन् । यी चुनौतीहरू समाधानका लागि कोषले आफ्नो प्रयोगमा रहेको सफ्टवेयरलाई नियमित रूपमा अद्यावधिक गरी सबै कार्यक्रममा लागू गर्ने, कोषका सेवाहरूलाई डिजिटलाइज गर्ने, बैंक रिकन्सिलियसन कार्यलाई चुस्त दुरुस्त बनाउने, सहभागीहरूलाई आकर्षक प्रतिफल दिने गरी सुरक्षित लगानीमा केन्द्रित हुने रणनीति कोषले लिएको छ ।

६. **संस्थागत सुशासन**

कोषको शीर्ष निकायका रूपमा रहेको सञ्चालक समिति शेयरधनीहरू प्रति उत्तरदायी हुने तथा संस्थागत सुशासन कायम गर्ने जिम्मेवारीमा रहेको छ । कोषले सञ्चालन गर्ने योजना/कार्यक्रमहरूको सञ्चालन, अनुगमन तथा वित्तीय विवरण प्रमाणीकरण गर्न सञ्चालकको संयोजकत्वमा ट्रष्टी उपसमितिहरू गठन गरिएको छ । सहभागीहरू प्रति ट्रष्टी उत्तरदायी रहने गरेको छ । आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न सञ्चालकको संयोजकत्वमा लेखा परीक्षण समिति रहेको छ । सञ्चालकको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उपसमिति गठन गरिएको छ । यस सम्बन्धमा सम्पादित कार्यहरूको प्रतिवेदन आवधिक रूपमा समिति समक्ष पेश गर्ने गरिएको छ । कोषका कार्यकारी निर्देशकको संयोजकत्वमा लगानी उपसमिति र कर्जा उपसमिति गठन गरिएको छ । लगानी नीतिको सीमाभित्र रही तोकिएको विधि प्रक्रिया र मापदण्डको अधीनमा रही लगानी गर्ने गरिएको छ । सहभागीहरूलाई कर्जा प्रदान गर्दा कर्जा कार्यविधिको अधीनमा रही गर्ने गरिएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने, बुझेसम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।